# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# आरुघाट गाउँपालिका
# गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(गण्डकी प्रदेश )

पत्र संख्या: २०७८।७९
च.नं. ४०

मितिः २०७९।३।२५

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू
आरुघाट गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले आरुघाट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ५३ लाख ८१ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रिया प्राप्त नभई असुल गर्नुपर्ने रू.६ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९९ लाख ११ हजार, नियमित गर्नुपर्ने रू.४८ लाख २० हजार रहेको छ । गतवर्ष रु.७४ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड २८ लाख १६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

आरुघाट गाउँपालिका, गोरखा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३९ | ५६ | १५३८१ | - | - | - | ३९ | ५६ | १५३८१ | ६५० | ४८२० | ९९११ | - | - | १४७३१ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ७४३५ | - | - | ७४३५ | - | १५३८१ | २२८१६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : आरुघाट गाउँपालिका, गोरखा , आरुघाट गाउँपालिका , गोरखा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | एकदेव खनाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सृजना पौडेल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १५,३८१,५५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,७१,७३,०९४.२८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७,३८,६४,५१० | चालु खर्च | ३४,६९,५८,६९९ |
| प्रदेश सरकारबाट अनुदान | २,१९,९९,४७७ | पूँजीगत खर्च | १८,३२,३५,१८० |
| राजश्व बाँडफाँट | ७,१४,३०,५९२.३९ | वित्तीय/अन्य व्यवस्था | ७१,३४,३३२.५ |
| आन्तरिक आय | ५९,७०,२७५.६ | | |
| अन्य आय | १,६०,१४,९२८.५ | | |
| कुल आय | ५८,९२,७९,७८३.४९ | कुल खर्च | ५३,७३,२८,२११.५ |
| बाँकी मौज्दात | | १४,२१,२४,६६६ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | . <br>उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१०।२३ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १० वडा, ५६ सभा सदस्य, १६१ वर्ग किलोमिटर क्षेत्रफल तथा २३८८७जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५१,७०,५७,२७४ | ४९,३१,३६,८७६.४९ | | ४९,३१,३६,८७६.४९ | ४०,२२,८५,२१४.१९ | | ४०,२२,८५,२१४.१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५०,०४,१५,७७० | ४७,७१,२१,९४७.९९ | ० | ४७,७१,२१,९४७.९९ | ३९,६५,४६,२७५.१९ | ० | ३९,६५,४६,२७५.१९ |
| ११००० कर | ८,५३,९४,६९० | ७,२७,८०,१९२.९९ | ० | ७,२७,८०,१९२.९९ | ५,५८,५४,८४८.५३ | ० | ५,५८,५४,८४८.५३ |
| १३००० अनुदान | ४१,३४,९६,०८० | ३९,९७,२१,०८० | ० | ३९,९७,२१,०८० | ३३,३२,३७,००० | ० | ३३,३२,३७,००० |
| संघीय सरकार | ३८,७१,८८,०८० | ३७,८४,१३,०८० | ० | ३७,८४,१३,०८० | ३१,५३,२८,००० | ० | ३१,५३,२८,००० |
| प्रदेश सरकार | २,६३,०८,००० | २,१३,०८,००० | ० | २,१३,०८,००० | १,७९,०९,००० | ० | १,७९,०९,००० |
| १४००० अन्य राजस्व | १५,२५,००० | ४६,२०,६७५ | ० | ४६,२०,६७५ | ७४,५४,४२६.६६ | ० | ७४,५४,४२६.६६ |
| ख. अन्य प्राप्ति | १,६६,४१,५०४ | १,६०,१४,९२८.५० | | १,६०,१४,९२८.५० | ५७,३८,९३९ | | ५७,३८,९३९ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | १,६६,४१,५०४ | ९५,७४,५४७ | ० | ९५,७४,५४७ | ० | ० | ० |
| धरौटी | ० | ६४,४०,३८१.५० | ० | ६४,४०,३८१.५० | ५७,३८,९३९ | ० | ५७,३८,९३९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६२,९६,०६,५८४ | ४६,८१,८५,३०४.५० | | ४६,८१,८५,३०४.५० | ३५,६५,१४,२५२.२५ | | ३५,६५,१४,२५२.२५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६१,२९,६५,०८० | ४६,१०,५०,९७२ | | ४६,१०,५०,९७२ | ३५,०९,२८,८२१.२५ | | ३५,०९,२८,८२१.२५ |
| २१००० पारिश्रमिक / सुविधा | १८,९७,५६,०८० | १७,९१,३३,७२६ | ० | १७,९१,३३,७२६ | १५,४४,०२,१३४ | ० | १५,४४,०२,१३४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १०,६५,७२,००० | ७,२९,३३,८७७ | ० | ७,२९,३३,८७७ | ४,२२,३३,४६८.२५ | ० | ४,२२,३३,४६८.२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | ५०,००० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | २५००० सहायता (Subsidy) | १,७४,०४,००० | १,४४,९२,२५५ | ० | १,४४,९२,२५५ | १,२८,११,४३० | ० | १,२८,११,४३० | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १,४३,२१,००० | १,०१,६५,७२९ | ० | १,०१,६५,७२९ | १,०३,७४,३६३ | ० | १,०३,७४,३६३ | | |
| | | | | २८००० अन्य खर्च | १८,००,००० | १५,८७,३३५ | ० | १५,८७,३३५ | ११,६१,२५० | ० | ११,६१,२५० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २८,३०,६२,००० | १८,२७,३८,०५० | ० | १८,२७,३८,०५० | १२,९९,४६,१७६ | ० | १२,९९,४६,१७६ | | |
| | | | | घ. अन्य भूक्तानी | १,६६,४१,५०४ | ७१,३४,३३२.५० | | ७१,३४,३३२.५० | ३५,६५,१४,२५२.२५ | | ३५,६५,१४,२५२.२५ | | |
| | | | | कोषहरु | १,६६,४१,५०४ | ३४,४९,३४७ | ० | ३४,४९,३४७ | ० | ० | ० | | |
| | | | | धरौटी | ० | ४०,२०,२५६.५० | ० | ४०,२०,२५६.५० | ५५,८५,४३१ | ० | ५५,८५,४३१ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | (३,३५,२७१) | | (३,३५,२७१) | | | | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | (११,२५,४९,३१०) | २,४९,५१,५७१.९९ | | २,४९,५१,५७१.९९ | ४,५७,७०,९६१.९४ | | ४,५७,७०,९६१.९४ | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ११,७१,७३,०९४.२८ | | ११,७१,७३,०९४.२८ | ९,२५,५४,९९७.०९ | | ९,२५,५४,९९७.०९ | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | (११,२५,४९,३१०) | १४,२१,२४,६६६.२७ | | १४,२१,२४,६६६.२७ | १३,८३,२५,९५९.०३ | | १३,८३,२५,९५९.०३ | | |
| | | | | बैंक तथा नगद बाकी | | १४,३७,६३,३९२.२७ | | १४,३७,६३,३९२.२७ | १५,२९,६९,८६९.०३ | | १५,२९,६९,८६९.०३ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वित्तिय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची २१ मा प्रदेश सरकारको फिर्ता गर्न बाँकी ससर्त अनुदान रु. २००००००।- र समपूरक तर्फको रु. १००००००।- समेत रु. ३००००००।- मिति २०७८।४।५ मा फिर्ता गरी दाखिला भएको प्रमाण पेश भएको । | |
| | | | गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ९१०८००००. | ९१०१५२५८. |
| २ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५७०००००. | ३९३८८३२. |
| ३ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ३२३३००००. | ०. |
| ४ | ३५००००११३-सामाजिक विकास मन्त्रालय | ३०००००. | १५१३४७. |
| ५ | ३५०००१२०४-सामाजिक विकास मन्त्रालय (संघ ससर्त) | ५०००००. | ४९७१३०. |
| ६ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ४३०००. |
| ७ | ३३६००१०२३- गरीबसँग विशेश्वर कार्यक्रम | ५४६०००. | ४९७३४०. |
| | जम्मा | १३०४९९०००. | ९६१४२९०७. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.५ | | | • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म१० ऐन, ३ नियमावली, १९ कार्यविधि १ निर्देशिका समेत ३३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विामद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष ७ वटा दर्ता भएकोमा ५ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.११२८०९६००।२८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.११७१७३०९४।२८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४३६३४९४।- बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएकोमा धरौटी तर्फको मौज्दात समेत समावेश भइ आएकोले रु.४३६३४९४।- बढी मौज्दात देखाएको भन्ने कार्यालयलको भनाइ रहेको र प्रमाण समेत पेश भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन तयार गरेको भएतापनि पालिकाले उपलब्ध गराएको वित्तिय विवरणमा निम्नानुसार देखिएको छः<br>• वित्तिय प्रतिवेदनले गत वर्षको सञ्चित कोष तथा अन्य कोषहरुको जिम्मेवारी बढी देखाएको छ ।<br>तसर्थ सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदन तथा अनुसूचीहरुले आर्थिक कारोबारको यथार्थ र सहि चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **धरौटी तथा कोषहरुको अवस्थाः** म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची- १५ मा विभिन्न कोषहरुको गत वर्षको जिम्मेवारी सार्दा भूलवश दोहोरो प्रवृष्टि भइ जिम्मेवारी दोहोरो देखिएको र प्राप्त रकम पूरै खर्च हुँदा पनि केही रकम बाँकी देखाएको हुँदा बाँकी रकम बढी देखिन गएको तथा वैंक स्टेटमेन्टमा देखिएको रकम भन्दा बाँकी मौज्दात कम देखाएको बारेमा गाउँपालिकाबाट प्रामाणहरु पेश हुन आएकोले आ.व.को अन्त्यमा धरौटी तथा कार्यसञ्चालन कोषहरुमा निम्न मौज्दात बाँकी रहन गएको देखिन्छ । | |

| सि.नं. | कोषहरु | बाँकी मौज्दात रु. |
|---|---|---|
| १ | धरौटी | 6783619 |
| २ | स्थानिय विकास घुम्ती कोष | 400000 |
| ३ | महिला तथा बाल विकास कोष | 100000 |
| ४ | मर्मत संभारकोष | 920000 |
| ५ | प्रकोप व्यवस्थापन कोष | 2306248.20 |
| ६ | कर्मचारी कल्याणकोष | 980000 |
| ७ | जि.स.स. वडा कार्यालय लागतकोष | 2681210 |
| ८ | सूचना प्रविधि अधिकृत तलब भत्ताकोष | 144967.50 |
| | जम्मा | 14316044.70 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.४ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.५ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ७ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| ७.१ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| ७.२ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |
| ७.३ | | | • ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कल्पना नेपालीले २०७७।३।१० गते रु.५४ करोड ८५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३१ मा पारित भएको छ । हिउदे गाउँ सभाबाट १ करोड ८० लाख थप गरी रु. ५६ करोड ६५ लाख कायम भएकोमा सर्सतबाट प्राप्त अन्तर सरकारी हस्तान्तरित र धरौटी समेत रु. ७० करोड ८० लाख ५९ हजार ३९२।४७ को बजेट कायम भइ आम्दानी तथा खर्च भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ५२ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।६।१२ को निर्णयबाट पुजीगततर्फ सार्वजनिक बाटो निर्माण र सरसफाइ शीर्षकमा रु.३४९६६०७।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.३ | | | **क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 46500000 | 31179982 | 6.76 |
| सामाजिक क्षेत्र | 311396000 | 254484711 | 55.20 |
| पूर्वाधार विकास क्षेत्र | 158374000 | 108775269 | 23.59 |
| | 12450000 | 7446910 | 1.62 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | | | |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 84245080 | 59164101 | 12.83 |
| जम्मा | 612965080 | 461050973 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 96404 | 10478 | 22682 | 63243 | 36530 |
| २ | प्रदेश सरकार | 9200 | 0 | 141 | 9059 | 2759 |
| ३ | गाउँपालिका | 14776 | 192 | 2391 | 12194 | 6628 |
| ४ | कूल खर्च: | 120380 | 10670 | 25214 | 84496 | 45917 |
| | खर्च प्रतिशत | | 8.86 | 20.95 | 70.19 | 38.14 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.४</td><td></td><td></td><td>

**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम रु. हजारमा</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>27</td><td>1267</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>214</td><td>44952</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>45</td><td>26700</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>24</td><td>36000</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>310</td><td>108919</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>

**कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>वडा नं. ४ को वडा कार्यालय भवन निर्माण योजना</td><td>४०,००,०००</td><td>०</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | गाउँपालिकामा ट्रस भवन (२ वटा ) निर्माण र घेरावार | ६०,००,००० | ० | ० | |
| | | | गाउँपालिकामा ट्रस भवन (२ वटा ) निर्माण र घेरावार | ५,००,००० | ० | ० | |
| | | | गाउँपालिका भर स्वास्थ्य क्षेत्रमा सुधार कार्यहरु | १२,००,००० | ० | ० | |
| | | | सिद्दार्थ,चन्द्रोदय, निलकन्ठ,जनशक्ति, कल्लेरी विद्यालयहरुमा फोटोकपी/प्रिन्टर खरीद | १,६०,००० | ० | ० | |
| | | | माग अनुसार विद्यालयहरुमा फर्निचर खरीद | ५,००,००० | ० | ० | |
| | | | दुध डेरी संचालन सामाग्री/ उपकरण व्यवस्थापन | २,००,००० | ० | ० | |
| | | | कृषि कार्यक्रममा भएको बजेटमा अपुग बजेट(बिउ बिजन+ अन्य मागमा आधारित कार्यक्रम) | ३,००,००० | ० | ० | |
| | | | पर्यटन गुरुयोजना निर्माण | ३,००,००० | ० | ० | |
| | | | पर्यटन गुरुयोजना निर्माण | ३,००,००० | ० | ० | |
| | | | सोती-मान्बुबेशी-पेल्चेत-धुन्चेत-केरौंजा-काशीगाउँ-जगत DPR सडक निर्माण योजना(सोतीबाट सुरु-गत आ.व देखि) ३,००,००० | ० | ० | | |
| | | | सिम खोला ट्रस/ फलामे पुल निर्माण ( वडा नं. ५ र १० ) | ५,००,००० | ० | ० | |
| | | | सडकबोर्ड नेपालको विनियोजित बजेटमा सहलगानी रकम | १,४०,००० | ० | ० | |
| | | | सोती - मान्बुबेशी - पेल्चेत - धुन्चेत - कसीगाउँ - केरौजा - जगत सडक निर्माण योजना | १५,००,००० | ० | ० | |
| | | | गाउँपालिका मा छुटेका स्थानमा खानेपानी व्यवस्थापन | ५,००,००० | ० | ० | |
| | | | रानीढाप आरुपोखरी खानेपानी योजनामा गाउँपालिकाको सहलगानी | २०,००,००० | ० | ० | |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चनौटे खत्रीस्वाँरा पैका खानेपानी योजनामा गाउँपालिकाको सहलगानी | १०,००,००० | ० | ० | | |
| | | | | वृक्षरोपण/ पहिरो रोकथाम | ३,००,००० | ० | ० | | |
| | | | | जडीबुटी तथा बन पैदावार संरक्षण, रोप्ने कार्य | ३,००,००० | ० | ० | | |
| | | | | गाउँपालिका अगाडी ढल व्यवस्थापन र pcc ढलान तथा आवश्यक ठाउंमा ढल व्यवस्थापन योजना | ३,००,००० | ० | ० | | |
| | | | | ठुला पुँजीगत एंव सशर्त योजनाको दायित्व वहन | ५,००,००० | ० | ० | | |
| | | | | संस्कृति स्थल संरक्षण / मर्मत | ५,००,००० | ० | ० | | |
| | | | | जि.स.स बाट विनियोजित ३ वटा योजनालाई ४०%25 रकम थप | ४,००,००० | ० | ० | | |
| | | | | मुलथुल डांडा पार्किङ निर्माण योजना वडा नं. ६ | ५,००,००० | ० | ० | | |
| | | | | मुलथुल डांडा पार्किङ निर्माण योजना वडा नं. ६ | १,००,००० | ० | ० | | |
| | | | | आरुपोखरी सितला मन्दिर एंव पोखरी निर्माण व्यवस्थापन योजना(गत आ.व को बजेट) वडा नं ८ | ६,००,००० | ० | ० | | |
| | | | | सुशासन/ सार्वजनिक सुनुवाई/ वित्तीय जोखिम न्यूनिकरण/ बेरुजु फर्छ्योट | २,५०,००० | ० | ० | | |
| | | | | सुशासन/ सार्वजनिक सुनुवाई/ वित्तीय जोखिम न्यूनिकरण/ बेरुजु फर्छ्योट | २,००,००० | ० | ० | | |
| | | | | आर्खेत -थुमी - स्वाँरागाउँ- सतिडांडमा धार्चे पदमार्ग निर्माण, सति डांडामा पार्क, भ्युटावर निर्माण कार्य | १०,००,००० | ० | ० | | |
| | | | | नेपाल आदिवासी भवन निर्माण वडा नं. ७ | १,००,००० | ० | ० | | |
| | | | | गाउँपालिका स्तरीय खेल मैदान मंगलटार वडा नं. १० | ३,००,००० | ० | ० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाउँपालिका स्तरीय खेल मैदान मंगलटार वडा नं. १० \| ९,००,००० \| ० \| ०<br>• कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम स्वीकृत दरवन्दी अनुसार पदपूर्ति भएको पाइन । तर पालिकाले विभिन्न ३ पदमा ३४ जना कर्मचारीहरु करारमा राखि रु. ७०३०४००।- खर्च लेखेको छ । | |
| ९.२ | | | **तलबी प्रतिवेदनः** निजामती सेवा कानून वमोजिम तलवि प्रतिवेदन पारित गर्नुपर्नेमा तलवि प्रतिवेदन पास नगरी स्थानीय तथा स्वास्थ तर्फका कर्मचारीहरुको यो वर्ष तलबमा रु. ३५४८९७३५।- खर्च गरेको छ । नियमानुसार तलवि प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखिनुपर्दछ । | |
| १० | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| १०.१ | | | • महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १०.२ | | | **अनुदान फिर्ताः** संघीय सरकारबाट प्राप्त ससर्त अनुदान रकम आर्थिक वर्षको अन्त्यमा खर्च नभइ बाँकी रहेमा सम्बन्धित सञ्चितकोषमा फिर्ता गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा रु. १२३९०३०।- बाँकी रहेको रकम फिर्ता नगरी गाउँपालिकाको सञ्चितकोषमा जम्मा गरी राखेको पाइयो । उक्त रकम संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | १,२३९,०३० |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ११.१ | | | साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| ११.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| ११.३ | | | सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>अनुत्पादक खर्च<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२२१५५२ खर्च लेखी भुक्तानी गरेको छ।<br><table>
<tr><th>भौ.न/मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी रकम रु</th></tr>
<tr><td></td><td>धान दिवस कार्यक्रम सञ्चालन</td><td>40002</td></tr>
<tr><td>६२।२०७७।८।८</td><td>विजया दशमीको भैलो तथा कोत पुजा का लागी वोका खरिद</td><td>15000</td></tr>
<tr><td>१२५।२०७७।९।२९</td><td>सितलामाइ मन्दीर व्यवस्थापन खर्च</td><td>50000</td></tr>
<tr><td>१९७।२०७७।१२।१०</td><td>महिला दिवस</td><td>25000</td></tr>
<tr><td>२८०।२७०८।२।३१।</td><td>पञ्चेवाजा ड्रेस खरिद तथा वितरण</td><td>60000</td></tr>
<tr><td></td><td>मैत्रीपुर्ण खेल कार्यक्रम</td><td>31550</td></tr>
<tr><td></td><td>जम्मा</td><td>221552</td></tr>
</table><br>यस्तो खर्चमा मितव्ययिता कायम गरिनुपर्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>पदाधिकारीले नपाउने सुविधा लिएको<br>गाउंसभा,नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७६ को अनुसुचिमा पालिका का वडाध्यक्षले पालिकाबाट यातायातको साधन नलिएको अवस्थामा यातायात सुविधा वापत प्रतिमहिना रु.१५०० का दरले पाउने व्यवस्था रहेको छ । नियम ४ मा पालिकाबाट सवारी साधन लिएका पदाधिकारीले यातायात सुविधा नपाउने उल्लेख गरेको छ ।सवारी साधन लिएका र यातायात सुविधा वापत पनि रकम बुझेका निम्न पदाधिकारी बाट ऐन विपरित लिएको यातायात सुविधा वापतको रकम असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>शेर बहादुर घले</td><td>वडा न.१(१२ महिनाको कर कट्टी पछी को रकम)</td><td>17820</td></tr>
<tr><td>शिरबल बराम</td><td>वडा न.३(मसीर देखि असार सम्म गरि ८ महिनाको कर कट्टी पछी को रकम)</td><td>11880</td></tr>
<tr><td>जम्मा</td><td></td><td>29700</td></tr>
</table></td><td>२९,७००</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन,२०५८ को दफा ८ मा रोजगारीवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।अधिकृत.स्तर छैटौ लिला श्रेष्ठको वार्षिक आय रु.५६२४७० रहेकोमा कट्टी रकम रु.९९८१६ घटाइ हुने कर योग्य आय रु.४६२६५४ मा पारिवारीक छुट रु.४५०००० कट्टी गर्दा हुने रु.१२६५४ को १० प्रतिशत ले हुने रु.१२६५ र सामाजीक सुरक्षा कर रु.४५०० समेत रु५७६५.कट्टी गर्नुपर्नेमा रु.४५६५ मात्र कट्टी गरेकोले छुट हुन गएको कर रु.१२०० असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१,२००</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>शिक्षाः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | ११९ | २०७८-३-१६ | **सियुजि सेवाः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको सि.नं.१.२ शिक्षक तथा विद्यार्थीलाई सियुजि सेवामा आवद्ध गर्न कक्षा ४-१२ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु.१२५ का दरले ३ महिनाको रकम विद्यालयलाई अनुदान दिन सकिने व्यवस्था छ । शिवशक्ती प्रा.वि. लाई CUG Sim card खरिदको लागि निकासा दिएको रु.४५००.०० खर्च नभई बाँकी रहेकोले उक्त रकम नियमानुसार संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ४,५०० |
| १५.२ | ९५ | २०७८-२-२५ | **ईन्टरनेट जडान** – कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७ को ५.१ अनुसार माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत प्रति विद्यालय वार्षिक रु १२००० का दरले उपलव्ध गराउने व्यवस्था छ । तपसिलका विद्यालयलाई इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत रकम उपलव्ध गराईएकोमा ईन्टरनेट जडान गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन । इन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु. | १५६,००० |
| १५.३ | १२० | २०७८-३-१६ | **पाठयपुस्तक खरिदः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७ को ३.२ अनुसार स्थानीय तहले सामुदायीक माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११-१२ अध्ययनरत विद्यार्थीलाई पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय वार्षिक रु.५००००.०० का दरले उपलव्ध गराउने व्यवस्था छ । साथै पाठ्यक्रम विकास केन्द्रले सम्वन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूची भन्दा भित्रका पुस्तक/पत्रपत्रिका खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागी निःशुल्क पाठयपुस्तक उपलव्ध गराउन श्री भिमोदय मा.वि., श्री सिद्धदेवी मा.वि., श्री गण्डकी आ.वि., श्री दरबार मा.वि., र श्री भवानी मा.वि. गरी ५ विद्यालयलाई रु.५००००.०० का दरले निकासा गरिएको छ ।उक्त विद्यालयहरुले सन्दर्भ सूची भित्रका पुस्तक/पत्रपत्रिका खरिद गरेको विजक र विद्यालयमा दाखिला गरेको प्रमाण पेश गरेको छैन । सन्दर्भ सूची भित्रका पुस्तक/पत्रपत्रिका खरिद गरेको विजक र विद्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २५०,००० |
| १६ | | | **पेश्की व्यवस्थापनः**<br>**पेश्की फर्छौटः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फर्छौट गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उपलब्ध गराएको फर्छौट गर्न बाँकी पेश्कीको मास्केवारी म.ले.प.फा.नं. २११ अनुसार म्याद ननाघेको मेलिस्मा कन्स्ट्रक्सन प्रा.लि. को पेश्की रु. ५०००००।- आर्थिक वर्षको अन्त्यमा फर्छौट नभइ बाँकी रहेकोले उक्त रकम नियमावलीमा व्यवस्था भए अनुसार फर्छौट गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **कोभिड परीक्षणः** | |
| १७.१ | | | कोभिड तथा ननकोभिड अस्पताल सञ्चालनको लागिः<br>• अस्पतालमा कन्सल्टेन्ट फिजिसियन एनेस्थेसिय नभएको र आईसियू, भेन्टीलेटर र अक्सिजन प्लान्ट नभएको | |
| १७.२ | | | • कोभिड नियन्त्रणका लागि मन्त्रालयबाट ३७१८ प्रथम डोज खाोप प्राप्त भइ ३७१८ जनालाइ लगाइएको र ३९२ डोज दोस्रो प्राप्त भइ ३९२ लाइ नै लगाइएको विवरण पेश भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७.३ | | | **कोभिड-१९ रोकथाम नियन्त्रण खर्चको विवरणः** आ.व. २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | 2808509.20 | राहत वितरण | 0.00 |
| स्थानीय तहको आफ्नै वजेटवाट | 5532525.00 | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 905393.00 |
| संघीय कोभिड कोषवाट | 1000000.00 | औषधी एवं स्वास्थ्य उपकरण खरिद | 1245337.00 |
| प्रदेश कोभिड कोषवाट | 0.00 | आइसोलेसन केन्द्र निर्माण | 0.00 |
| अन्य स्रोतबाट | 0.00 | खोप कार्यक्रम खर्च | 31000.00 |
| | 0.00 | जोखिम भत्ता | 1605074.00 |
| | 0.00 | प्रशासनिक खर्च | 2037382.00 |
| | 0.00 | अन्य खर्च | 392249.00 |
| | 0.00 | वाँकी | 3124599.20 |
| जम्मा | 9341034.20 | | 9341034.20 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **औषधी खरिदः–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.१४ लाखको बोलपत्रबाट र सोही दररेटमा बचेको रकमबाट जम्मा रु.१९६६७९६। को औषधी सोझै खरीद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• पालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा औषधिको जिन्सी निरीक्षण गर्दा निम्न औषाधिहरुमा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राख्नु पर्ने ठाउँमा मुल्यनै उल्लेख गरेको पाइयो । केही उदाहरणहरु Bazetol-100- Rs.15/10, Indo-50 Rs.800/100, Ranitidine injection IP Rs.5.6/1, Oxytocin injection B.p Rs.1539.2/50<br>• पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १९ | | | **ठेक्का व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | **पेश्की जमानतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) को उपदफा १ मा सार्वजनिक निकायले संझौता पश्चात निर्माण व्यवसायीलाई अग्रिम जमानत लिइ खरिद संझौता रकमको २० प्रतिशत सम्म पेश्की दिन सक्ने व्यवस्था छ । पेश्की रकम उपलब्ध गराउनदा रनिङ विल बाट पेश्की कट्टा हुदाको अवधि सम्मको हुने बैक जमानत रकम पेश गर्नु पर्ने व्यवस्था छ ।पालिकाले आरुघाट -भन्ज्याङ बासबोटे-तिरतिरे-सिस्नेरी-सातदोबाटो गैरीछाप निमार्ण योजनार रु १०१२५१५०।८९ मा सम्झौता भई मिति २०७८।३।२० सम्म सम्पन्न गर्ने गरी पि के निर्माण सेवा सँग मिति २०७७।१०।२६ मा सम्झौता भएको पाइयो । निर्माण व्यवसायीले सन् राइज बैकको मित २०७८।५।४ सम्मको रु२००००००। को बैक जमानत राखी भौ १४-०७७।११।१४ मा रु२००००००। पेश्की दिएको छ । लेखापरीक्षण अवधि सम्म निर्मण कार्य नभएको र पेश्की फर्छ्यौट नभएकाले पेश्की जमानतको अवधि समेत थपेको पाइएन । अतः पेश्की जमानत अवधि थपेको प्रमाण पेश गर्नु पर्ने रु | २,०००,००० |
| १९.२ | 179 | २०७८-३-२४ | **भौतिक निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तीका २०७७/०७८ को बुदा नं.८.४ ट मा स्थानिय तहले अनुसुची ७ मा तोकेको फरमेटमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्वन्धीत प्राविधक, विद्यालयको प्र.अ तथ विद्यालय व्यवस्थाप समितिका अध्यक्ष बाट प्रमाणीत गराइ विद्यालय र स्थानिय तहमा समेत राख्नु पर्ने व्यवस्था छ । धारापनी माध्यमीक विद्यालयलाइ राष्ट्रपनि शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ कोठे भवन निर्माणका लागी रु.१८०००००। निकासा गरेकोमा लेखा परिक्षण अवधि सम्म पनि निर्माण कार्य सुरु भएको छैन । तोकिएको समय-सिमा भित्र भवनको निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,८००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
